ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE 04.05.2024

- **Monsoon Preparedness Meeting**

आगामी वर्षायामको समयलाई ध्यानमा राखेर आज मंगनको जिल्ला प्रशासनिक केन्द्रस्थित चुनाउ कक्षमा वार्षिक मानसुन तयारी बैठक बस्यो। जिल्लाधीश श्री हेमकुमार छेत्रीको अध्यक्षतामा बसेको बैठकमा अन्य बाहेक मंगनका पुलिस अधिक्षक श्री सोनाम डिट्छु र अतिरिक्त जिल्लाधीश श्री विशु लामाको उपस्थिति थियो।

जिल्लामा आगामी मानसुनमा हुने आपदाको सामना गर्न सम्बन्धित विभागको भूमिका र जिम्मेवारी, तयारी आदि जस्ता मुद्दामाथि चर्चा गर्न र ला□ विभागहरूबीच समन्वय बनाउन बैठकको आयोजना गरिएको थियो।

गत वर्षको अक्टोबर महिनामा भएको टिस्टा जलप्रलयमा शामेल सबैको कार्य र प्रयासको प्रशंसा गर्दै जिल्लाधीशले आगामी मानसुन अझ चुनौतीपूर्ण हुनसक्ने भएको कारण सबै ला□ विभागसित सतर्क रहने आग्रह गर्नुभयो।

उहाँले सबै सम्बन्धित विभागहरूलाई आपदाको कुशलतापूर्वक सामना गर्न नोडल अधिकारीहरूको चयन गर्ने अनि निकट समन्वय बना राख्ने निर्देश दिनुभयो। श्री छेत्रीले मानसुनअवधि संवेदनशील क्षेत्रहरूका लागि आवश्यक सामग्रीको भण्डारणको आवश्यकतामाथि पनि जोड दिनुभयो।

विभिन्न विभागका अधिकारीहरूले तयारीको अवस्थासितै आफूहरूले सामना गर्नुपरिरहेको चुनौतीबारे राखेको विषयमाथि बोल्दै जिल्लाधीशले सहयोगको आश्वासन दिनुभएको छ।

बैठकमा टूङ, नागा र रेल वरपरका गाउँहरूमाथि विशेष रूपमा ध्यान दिनका साथै जनताको सुरक्षा र सुविधालाई मध्यनजर गरेर अपनानुपर्ने सावधानीबारे पनि सुझाउ राखियो। BRO-सित आफ्नो मानव शक्ति र मसिनहरू तैनात राख्ने आग्रह गर्दै जिल्लाधीश श्री छेत्रीले आपदा सम्भावित क्षेत्रहरूको पहिचान गरेर अतिरिक्त मानव शक्ति राख्ने सुझाउ दिनुभयो।

-------------------------------------X-------------------------------------

- **Governor**

सिक्किमका राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले आज बोझो घारीस्थित ताक्छी आनी गुम्पामा ध्यान केन्द्र निर्माणका निम्ति चार

लाख रूपियाँको धनराशि सहयोग स्वरूप प्रदान गर्नुभयो। यस अवसरमा उपस्थित आनी राङडोल लह्मु र आनी कुन्छोक छेछोलाई राज्यपालले धनराशिको चेक हस्तान्तरण गर्नुभयो।

राज्यपाल श्री आचार्यले अध्यात्म एवं आस्थाको केन्द्र ताक्छी आनी गुम्पामा सहायता प्रदान गर्नपाएकोमा प्रसन्नता व्यक्त गर्नुभयो। उपस्थित दुवै आनीहरूले यस उदाहरणीय कार्यका लागि सम्पूर्ण ताक्छी आनी गुम्पाको तर्फबाट राज्यपालप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

--------------------------------------X--------------------------------------

- **Postal Ballot**

सोरेङ जिल्ला प्रशासनिक केन्द्रले आज हुलाक कार्यालय, सोरेङबाट सेवा मतदाताहरूको दुईवटा मतपत्र प्राप्त गरेको छ। यी मतपत्र जिल्ला प्रशासनिक केन्द्रका अधिकारीगण र विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्ट प्रतिनिधिहरूको उपस्थितिबीच सोरेङका हुलाक कार्यालय अधिकारीले नोडल अधिकारी एवं जिल्ला योजना अधिकारी सुश्री रजनी पेगालाई हस्तान्तरण गर्नुभयो।

मुख्यालयका महकुमा अधिकारी श्री DR विष्ट लगायत विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्ट प्रतिनिधिहरूको उपस्थितिबीच प्राप्त भएका सबै मतपत्रहरू निर्वाचन आयोगको नियमअनुरूप जिल्ला प्रशासनिक केन्द्रमा स्थापित नियन्त्रण कक्षमा राख्नका साथै मोहरबन्द गरियो।

उल्लेखनीय छ, यस जिल्लाका चारवटा निर्वाचन क्षेत्रबाट गत सोल्ह अप्रेलदेखि अहिलेसम्ममा कुल एक सय सैंतीसवटा मतपत्र प्राप्त भ□सकेको छ।

----------------------------------------X----------------------------------------

- **Raising Day Celebration of BRO**

परियोजना स्वस्तिकले सीमा सडक संगठनको पैंसटौं स्थापना दिवसको एक भागको रूपमा उत्कृष्टता र सामुदायिक संलग्नताप्रति संगठनको प्रतिबद्धता देखाउँदै आज मंगन जिल्लामा एउटा विशेष कार्यक्रमको आयोजना गर्‍यो।

यस अवसरमा आयोजित बा□क र्‍यालीमा नौजना कुशल बा□कर्सहरूले भाग लिएका थिए, जहाँ उनीहरूले यहाँका चुनौतीपूर्ण स्थानहरू पार गर्दै आफ्नो लक्ष्य पूरा गरे। राङमा

रेञ्जबाट शुरू भएको बा□कि ऱ्याली लाचेन, जेमा, डोङखेला पास, लाचुङ हुँदै राङमामा आएर टुङ्गीयो।

लाचेनका पिपोनले विभिन्न नागरिक समाजका सदस्यहरूको उपस्थितिबीच राङमा रेञ्जबाट झण्डा हल्लाएर बा□कि ऱ्यालीको शुरूवात गर्नुभयो। परियोजना स्वस्तिकका वीर रा□ड़र्सहरूलाई यात्राको क्रममा डोङखेला पास र लाचुङबीच लाचेन, थाङ्गु, शिव मन्दिर र लाचुङ जस्ता स्थानहरूमा मानिसहरूले भव्य स्वागत गरे। यस अवधि स्वस्तिक परियोजनाले यस क्षेत्रमा जतिसक्तो छिटो सम्पर्क बहाल गर्नमा BRO-द्वारा चालिएका विभिन्न पहल र कार्यबारे मंगन जिल्लावासीमा जागरूकता फैलाउने काम गरेको छ।

यसैबीच, गान्तोक शहरको टाशी भिउ पो□न्टबाट गणेश टकसम्म दुई किलोमिटरभन्दा अधिकको वकाथन आयोजन गरियो। मुख्य अभियन्ताको नेतृत्वमा तीन सयभन्दा अधिक BRO कर्मीहरूले वकाथनमा भाग लिए। दृढ़ संकल्प र सौहार्दले प्रेरित उत्साहित प्रतिभागीहरूले एकता र प्रगतिलाई प्राथमिकता दिने BRO-को अभियानको भावनालाई मूर्त रूप दिए।

यी कार्यक्रमहरूले सम्पर्क विस्तार गर्न, साहसिक कार्यलाई प्राथमिकता दिन र सामुदायिक सम्बन्धलाई सुदृढ गर्न BRO-को समर्पणको प्रमाणको रूपमा काम गरेको छ।

-------------------------------------x-------------------------------------

- **Coordination Meeting SKM**

सिक्किम क्रान्तिकारी मोर्चा (SKM) पार्टीको भातृ संगठन सेवानिवृत्त सरकारी कर्मचारी प्रकोष्ठ, सोरेङ जिल्लाद्वारा हालै सम्पन्न आम चुनाउपछि आयोजित समीक्षा सभा आज दरामदिन पुगेर समाप्त भयो। गत बाहीस अप्रेलदेखि जुम-सालघारी समष्टिको नयाँ बजारबाट शुरू भएको समीक्षा सभाको समापन प्रकोष्ठका सोरेङ जिल्ला स्तरीय संयोजक श्री KB भण्डारीको अध्यक्षतामा भयो।

दरामदिन बजार नजिक एउटा नीजि निवासमा सम्पन्न सभाको औचित्यबारे दरामदिन समष्टिअन्तर्गत प्रकोष्ठका सदस्य सचिव श्री KB गदैलीले बताउनुभयो। उहाँले चुनाउमा संलग्न सबैप्रति कृतज्ञता व्यक्त गर्दै संगठनसित अवकाशप्राप्त सरकारी कर्मचारी र

उनीहरूको परिवारको हितमा निरन्तर रूपमा काम गर्ने प्रक्रियालाई जारी राख्ने आग्रह गर्नुभयो।

---------------------------------------x---------------------------------------